**पोखरा उपत्यका साइडसिन घुम्न जाउँ**

**घुमाउने ठाउँहरू**

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः **मानसरोबर टुर्स एण्ड ट्राभल्स**
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
**कलर भिजिटिङ कार्ड**
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस २९ गते सोमबार ❑ 13 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## प्राकृतिक स्रोतसाधनको समुचित उपयोगबाट आर्थिक विकास सम्भव: पूर्वप्रधानमन्त्री देउवा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ पुस

पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्राकृतिक स्रोतसाधनको समुचित प्रयोगबाटै मुलुकको आर्थिक विकास सम्भव हुने बताउनुभएको छ।

बेनीमा आइतबारदेखि सुरु आठौँ म्याग्दी महोत्सव एवं प्रदेशस्तरीय कृषि, पर्यटन, औद्योगिक, व्यापार मेला-२०८१ को उद्घाटन गर्नुहुँदै देउवाले जल, जमिन र जङ्गलको सदुपयोगबाट रोजगारी सृजना र आयआर्जजनका अवसर सिर्जना गर्न सकिने धारणा व्यक्त गर्नुभयो । "प्राकृतिक स्रोतसाधनको व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी बनाउने नीति निर्माणका लागि राजनीतिक रुपमा प्रयास भएको छ", उहाँले भन्नुभयो, "लगानीमैत्री वातावरण बनाएर उद्योग व्यवसायलाई घरासायी हुनबाट बचाउन नीतिगत सुधारको काम थालेका छौं।" उद्योग, व्यवसायीको पीरमर्का सम्बोधन गर्न र हकहितका लागि नेपाली कांग्रेस सधैँ साथमा रहने उहाँले प्रतिबद्धता जनाउनुभयो । फरक प्रसङ्गमा देउवाले म्याग्दी हुँदै ढोरपाटन जोड्ने सडकलाई मध्यपहाडी लोकमार्गको वैकल्पिक सडक आयोजनाका रुपमा विकास गर्न बजेट व्यवस्थापन गर्न सम्बद्ध मन्त्रालयमा पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । बेनीको खुलामञ्च खेलमैदानलाई स्तरोन्नति गर्ने, बेनी अस्पतालको ५० शय्या क्षमताको भवन निर्माणलाई पूर्णता दिने, मालढुङ्गा-बेनीलगायत सडक आयोजनालाई गतिदिने, बेनीबजार संरक्षणका कामलाई बजेट व्यवस्था गर्न पहल गर्ने देउवाले प्रतिबद्धता जनाउनुभयो । म्याग्दी उद्योग वाणिज्य सङ्घको मूल आयोजनामा माघे सङ्क्रान्ति पर्वका अवसरमा महोत्सव आयोजना गरिएको हो।



चीन र भारतको व्यापारिक प्राचीन रेशमी मार्ग र 'साल्ट ट्रेड रुट'का रुपमा परिचित कालीगण्डकी करिडोरको एक प्रमुख व्यापारिक केन्द्र बेनीको महत्वलाई झल्काउने तथा आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठले बताउनुभयो। दस दिनसम्म सञ्चालन हुने महोत्सवमा एक लाख आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने र रु १० करोड बराबरको व्यापारिक कारोबार हुने अनुमान गरिएको छ । म्याग्दीको पर्यटन, कृषि, जलविद्युत्, खनिज, वन पैदावारजन्य उद्योग व्यवसायमा लगानी भित्र्याउन, संस्कृति संरक्षण, प्रतिभा पहिचान, प्रवर्द्धन र खेलकुदलाई पनि महोत्सवसँग जोडिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय औद्योगिक, कृषि तथा पशुजन्य उत्पादनको प्रर्दशनी, पुरुष-महिला भलिबल, बास्केटबल, लोकदोहोरी गीत, कलाकारहरुको प्रस्तुति महोत्सवका आकर्षक रहने म्याग्दी उद्योग वाणिज्य सङ्घले जनाएको छ । पुर्ख्यौली नाच, रत्यौली गीत, भजन, म्याग्दी आइडल एकल लोकनृत्य, जतजातिको झाँकी प्रदर्शनी पनि आयोजना गरिएको छ।

## मुलुकलाई माथि उठाउन सरकार अध्यादेशबाट अघि बढेको छ : सञ्चारमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
लमजुङ, २८ पुस

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मुलुकलाई आकस्मिक तरिकाले माथि उठाउन छिटो र सहजका लागि सरकार अध्यादेशको माध्यमबाट अघि बढेको बताउनुभएको छ।

लमजुङ मर्स्याङ्दी गाउँपालिका-२ घनपोखरास्थित त्रिभुवन माध्यमिक विद्यालयको ५८औँ वार्षिक साधरणसभा तथा अभिभावक दिवस कार्यत्रमलाई आज सम्बोधन गर्दै मन्त्री गुरुङले संसद्को माध्यमबाट जाँदा एक/डेढ वर्ष लाग्ने र 'फास्ट ट्र्याक'बाट जाँदा पनि एक वर्ष लाग्ने भएकाले अहिले तत्काल जनतालाई कसरी सुख सुविधा दिने भनेर जनताको विकास, सुशासन, पुँजी बढाएर अर्थतन्त्र सुधार गर्न, रोजगारी सिर्जना गर्न र यस्ता कानुनहरू नफेरी नहुने तथा संशोधन नगरी नहुने भएकाले सरकार अध्यादेशको माध्यमबाट अघि बढेको स्पष्ट पार्नुभयो ।



"मन्त्रिपरिषद्को बैठकले यतिबेला सुशासनसँग जोडिएका १३ कानुन, अर्थमन्त्रालय तथा अर्थसँग जोडिएका १४ कानुन, वन र शिक्षा क्षेत्रसँग जोडिएका तीन कानुन अध्यादेशमार्फत संशोधन हुन लागेका छन्", उहाँले भन्नुभयो-"यो अध्यादेश जारी गरेर अर्थतन्त्रमा देखापरेका समस्या हटाउन, प्रशासनको क्षेत्र, सुशासन क्षेत्रमा भएको सबै समस्या समाधान हुने तथा भ्रष्टाचारलाई नियन्त्रण गर्ने, राजस्व वृद्धि गर्ने काममा हामी लागिरहेका छौँ।" मन्त्री गुरुङले गाउँपालिका अध्यक्ष र उपाध्यक्ष कुनै कारणले दुवै निलम्बन वा पद खारेज भएको खण्डमा कार्यपालिकाले अध्यक्ष र उपाध्यक्ष छानेर काम गर्न सक्ने अध्यादेश आउन लागेको बताउनुभयो । अर्को निर्वाचन नभएसम्म छानेकाले नै काम गर्ने उहाँको भनाइ थियो । फरक प्रसङ्गमा मन्त्री गुरुङले विद्यालयमा दरबन्दी बनाउँदा हरेक विद्यालयमा एउटा खेलकुद शिक्षक, कम्प्युटर शिक्षा पढाउने शिक्षक र प्रत्येक सामुदायिक विद्यालयमा पनि बसको व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो। विद्यालय शिक्षा व्यवस्थित बनाए सरकारले लगानी गरेको खर्च उठ्न सक्ने उहाँको भनाइ थियो।

## गण्डकीका मौलिक धुनहरुलाई संरक्षण गर्ने विषयमा प्रदेश सरकार प्रतिबद्ध : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले गण्डकीका मौलिक धुनहरुलाई संरक्षण गर्ने विषयमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन्।

गण्डकी प्रज्ञा प्रतिष्ठान र पोखरा सांगीतिक कलाकार संघको संयुक्त आयोजनामा भएको "गण्डकीका धुनहरु" नामक कार्यक्रममा बोल्दै उनले गण्डकी प्रदेशको सांगीतिक सम्पदाको महत्व र यसलाई संरक्षण गर्ने आवश्यकतामा जोड दिएका हुन् । मन्त्री थापाले प्रदेशका मौलिक बाजाहरूको जगेर्ना र नयाँ पुस्तामा यसको हस्तान्तरणलाई प्राथमिकतामा राखिने बताए । "गण्डकी प्रदेश गीतसंगीतको उर्वर भूमि हो । यहाँका सिर्जना विश्वप्रख्यात छन् । गण्डकीका सर्जकका सिर्जनालाई संरक्षण गर्न नै गण्डकी प्रज्ञा प्रतिष्ठानको स्थापना गरिएको हो। जस माध्यम विविध कार्यक्रमहरु हुँदै आएका छन्।", उनले भने।




कार्यक्रममा पञ्चे बाजा, सारंगी, बाँसुरी, धिमे, सनई, टुङ्ना, मादल, खीं लगायतका मौलिक बाजाहरू एकै मञ्चमा प्रस्तुत भएको देख्न पाउँदा खुशी लागेको उनले उल्लेख गरे । उनले प्रस्तुत बाजाहरूको ध्वनि र धुनले गण्डकी प्रदेशको सांगीतिक विविधतालाई प्रतिनिधित्व गरेको बताए।

"हामी धुन र बाजाका हिसाबले धनी छौं । यसलाई संरक्षण गर्दै आगामी दिनमा प्रवर्द्धन गर्न हामी सबैले भूमिका निर्वाह गर्नुपर्छ।", उनले भने। मन्त्री थापाले गण्डकी प्रज्ञा-प्रतिष्ठानको यस पहलको प्रशंसा गर्दै यस्तो कार्यक्रमले सांस्कृतिक धरोहरलाई जीवन्त राख्ने विश्वास व्यक्त गरे। साथै उनले आफ्नो मन्त्रालयको यस्ता सांस्कृतिक गतिविधिहरूमा निरन्तर साथ र सहयोग रहने प्रतिबद्धता जनाएका छन् । मन्त्री थापाले गण्डकीका मौलिक बाजाहरू जोगाउन सरकार, कलाकार र स्थानीय समुदायको सामूहिक प्रयास जरुरी रहेको उल्लेख गरे । पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले कार्यक्रमको महत्वलाई रेखांकित गर्दै गण्डकीको सांस्कृतिक धरोहर जगेर्ना गर्न यस्ता कार्यक्रमले खेल्ने भूमिकाको प्रशंसा गरे । गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठले अग्रज स्रष्टाहरूलाई सम्मान र नयाँ पुस्तालाई मौलिक बाजाहरू प्रतिको आकर्षण बढाउने उद्देश्य सहित कार्यक्रमको आयोजना गरिएको जानकारी गराए। उक्त कार्यक्रमले सांस्कृतिक पहिचानलाई बचाउन र नयाँ पुस्तालाई प्रेरित गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास उनको छ । कार्यक्रममा काठमाडौं र गण्डकीका ४० भन्दा बढी वाद्यवादकहरूले नेपाली मौलिक बाजाहरूको माध्यमबाट सांगीतिक धुनहरू प्रस्तुत गरे। संगीत संयोजक तथा निर्देशक प्राज्ञ अशोक राईले पोखरामा पहिलो पटक अर्केष्ट्राको स्वरूप प्रदर्शन गरिएको जानकारी दिए। उक्त अभियानले गण्डकीका धुनहरुलाई प्राथमिकतामा राखेर सांगीतिक पहिचानलाई बलियो बनाउने प्रयास भएको भनाई उनको छ । गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का बिखर्चीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राजनीति कर्मी, प्रदेश सरकारका सचिवहरु, कलाकार, साहित्यकार, पत्रकार लगायतको उपस्थिति थियो।

## सभापति लामिछानेलाई न्यायिक हिरासतमा पठाउने आदेश


**रासस**
काठमाडौं, २८ पुस

जिल्ला अदालत काठमाडौँले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई न्यायिक हिरासतमा राख्न आदेश दिएको छ।

न्यायाधीश माधवप्रसाद अधिकारीको इजलासले सोमबार १० बजे इजलासमा निजलाई उपस्थित गराउन आदेश गर्दै न्यायिक हिरासतमा राख्न आदेश गरेको हो।

आइतबार थुनछेक बहस नभएकाले लामिछानेलाई हिरासतमा पठाइएको हो।

"काठमाडौँको स्वर्णलक्ष्मी सहकारी ठगीमा जिल्ला अदालतमा उपस्थित हुनुभएका रास्वपाका सभापति लामिछानेको आजका लागि बयान लिने काम भयो," काठमाडौँ अदालतमा स्रेस्तेदार रामु शर्माले भन्नुभयो, "भोलि १० बजे इजलासमा उपस्थित गराउने गरी प्रहरीको जिम्मा लगाउने आदेश भएको छ।"




## 'आरक्षणमा हुने खानेभन्दा हुँदा खानेलाई समेट्नुपर्छ'

**रासस**
काठमाडौँ, २८ पुस

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको आइतबारको बैठकमा संवैधानिक आयोगका पदाधिकारीले आरक्षणमा 'हुने खानेलाई भन्दा हुँदा खाने'लाई समेट्नुपर्ने सुझाव दिएका छन्।

आइतबार सिंहदरबारमा बसेको बैठकमा उहाँहरूले राजनीतिक वा संवैधानिक आयोगहरूमा हुने नियुक्तिमा योग्यतालाई ध्यान दिनुपर्नेमा जोड दिनुभयो। समितिले निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि आयोगका पदाधिकारीहरूसँग छलफल गरेको थियो।

बैठकमा राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले कर्मचारीलाई मात्रै 'मेरिटोक्रेसी' लागू हुन नहुने बताउँदै राजनीतिक नियुक्तिहरूमा पनि यसलाई ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नुभयो । राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले निजामती सेवा विधेयकलाई समावेशी बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले निजामती सेवा विधेयक देशको सेवा गर्ने सेवकहरूलाई पठाउने महत्वपूर्ण माध्यम भएको बताउँदै यो समावेशी नभए जनताले देश हाम्रो हो भन्ने अपनत्व महसुस गर्न नपाउने धारणा राख्नुभयो । राष्ट्रिय आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापा मगरले निजामती सेवामा जुन वर्ग र समुदायको प्रतिनिधित्व हुनुपर्ने अपेक्षासहित आरक्षणको व्यवस्था गरिएको हो सोअनुसार प्रतिनिधित्व हुनसकेन भन्नुभयो। "जनसङ्ख्याअनुसार दुई तिहाइको प्रतिनिधित्व हुनुपर्नेहरूको एक तिहाइ र एक तिहाइको प्रतिनिधित्व हुनुपर्नेको दुई तिहाइको प्रतिनिधित्व भइरहेको अवस्था छ। यो समानुपातिक प्रतिनिधित्व विपरीत हो", उहाँको भनाइ थियो । यस्तै, मधेशी आयोगका कार्यवाहक अध्यक्ष जीवछ साहले मधेशी महिलाका लागि छुट्टै आरक्षण तोकिनुपर्ने बताउनुभयो । थारू आयोगका अध्यक्ष विष्णुप्रसाद चौधरीले समावेशीकरणलाई प्रभावकारी बनाउनेतर्फ सोच्नुपर्ने बताउनुभयो। यस्तै, मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले निजामती सेवा ऐन नआउँदा मुस्लिम समुदाय मारमा परेको बताउनुभयो।

# उद्यमशिलता विकासमा निजी क्षेत्रको भूमिकाको खोजी

पोखरापत्र संवाददाता
पोखरा, २८ पुस




पोखरा उद्योग वाणिज्य संघले तथापोखरामहानगरपालिकाअन्तर्गतको व्यवसाय प्रवर्द्धन केन्द्र (बीपीसी) को सहकार्यमा 'उद्यमशिलता विकासमा निजी क्षेत्रको भूमिका'को खोजी गरिएको छ।

ग्रामीण पर्यटन प्रवर्द्धनसँगै गाउँमा उद्यमशिलता खोजी एवं त्यसको बजारीकरणको सम्भावनाको समेत खोजी गर्ने उद्देश्यले मादी गाउँपालिका-३, याङ्जाकोटमा आयोजित कार्यशालाको वडाध्यक्ष विकास गुरुङले उद्घाटन गरे । उद्घाट्नको क्रममा बोल्दै उनले व्यवसाय गर्नु भनेको नाफाको सपनामात्र नभएर सम्भावित नोक्सान सहनुसमेत भएको बताउँदै लगानी गर्नेलाई राज्यबाट विशेष सुविधा दिनुपर्ने बताए। 'लगानी गर्दा घाटा पनि हुनसक्छ। व्यवसाय गर्नेले लगानी गर्छ, त्यो लगानीको सुरक्षाको लागि राज्यले विशेष वातावरण बनाइदिनुपर्छ,'उनले भने,' उत्पादकत्व वृद्धि र रोजगारी सिर्जना हुने खालका उद्योग/व्यवसाय गर्नेहरुलाई प्रोत्साहित गर्नु नै राज्यको कर्तव्य हो । मादी गाउँपालिकाले पर्यटन प्रवर्द्धनसँगै पूर्वाधार निर्माण र एवं ग्रामीण उत्पादनको बजारीकरणको लागि काम गरिरहेको बताउँदै उनले सो क्षेत्रमा उत्पादित बस्तुको बजारीकरणमा पोखरा उद्योग वाणिज्य संघसँग सहकार्य गर्ने बताए। कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले उद्यम गर्नु भनेको आफू आत्मनिर्भर हुनुमात्र नभएर रोजगारी सिर्जना गर्नु तथा देशको अर्थतन्त्रलाई टेवा दिनु भएकोले राज्यले व्यावसायिक वातावरण निर्माणको लागि योजनावद्ध काम गर्नुपर्ने बताए। उद्योग/व्यवसाय गर्ने वातारण निर्माण गर्नु राज्यको दायित्व भएको भन्ने वडाध्यक्ष गुरुङको भनाइमा सही थप्दै अध्यक्ष कार्कीले भने,' आयातमुखी अर्थतन्त्रलाई सुरुमा निर्वाहमुखी र पछि निर्यातमुखी बनाउनको लागि योजनाबद्ध रुपले काम गर्नुपर्छ। गाउँमा उत्पादित कृषिजन्य बस्तुको बजारीकरणमा सहयोग गर्नुपर्छ। यो अभियानमा पोउवा संघ पालिका एवं महानगरसँग सहकार्य गर्न तयार छ।' अभिमुखीकरण कार्यक्रमका प्रमुख प्रशिक्षक आरसी लामिछानेले राज्यका नीतिहरुबारे जानकारी राख्दै उत्पादकत्व बढाउने खालका इलम गर्नको लागि इच्छा र नयाँ सोच जरुरी रहेको बताए। उनले अर्काको देखासिकी गरेर हैन कि योजना बनाएरै व्यवसाय गर्दामात्र सफलता हात लाग्छ भन्ने कुरा बुझ्न् व्यवसायीसँग आग्रह पनि गरे। व्यवसाय प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज अधिकारीले देशका पालिकामध्ये पहिलोपटक महानगरले व्यवसाय प्रवर्द्धन केन्द्रमार्फत् निजी क्षेत्रका समस्या समाधान, उद्यमशिलता विकास र रोजागारीको लागि नयाँ कामहरु गरिरहेको चर्चा नयाँ सोचसहित उद्योग/व्यवसाय गर्नेलाई महानगरले आर्थिक र प्राविधिक सहयोग गर्ने जानकारी दिए। 'मान्छे बिरामी भयो भने अस्पताल वा क्लिनिक जान सकिन्छ, व्यवसाय नै बिरामी भयो भने कहाँ जाने ? पोखरा महानगरको व्यवसाय प्रवर्द्धन केन्द्र उद्योग/व्यवसायलाई तन्दुरुस्त राख्ने थलो हो,'उनले भने,' निजी क्षेत्रसँगकै सहकार्यमा हामीले कामहरु गरिरहेका छौं र निजी क्षेत्रमैत्री वातावरण निर्माणमा नै हाम्रो ध्येय हो।' पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमको संचालन रहेको कार्यक्रमा बोल्दै पोखरा महानगरपालिका लेखा अधिकृत छवि तिमिल्सिनाले पालिका भनेको दिने र निजी क्षेत्र भनेको लिने संस्था हो भन्ने सोच्न नहुने सार्वजनिक निजी साझेदारीलाई सफल पार्न दुबैबीच एकता हुनुपर्नेमा जोड दिए।

उद्घाटन सत्रमा धन्यवाद ज्ञापन गर्दै संघका उद्योग उपाध्यक्ष दीनेशचन्द बास्तोलाले दिगो आर्थिक विकासका लागि योजनाबद्ध रुपले अगाडि बढ्नु, उद्यमशीलता प्रवर्द्धन गर्नु तथा डिजिटल इनोभेसनलाई आत्मसात् गर्न सहजीकरण गर्ने दिशामा अगाडि बढ्नु अहिलेको आवश्यकता भएको बताए।

# मानव अधिकारको अवस्थाका सम्बन्धमा जिसस कास्कीको छलफल

पोखरापत्र संवाददाता
पोखरा, २८ पुस



कास्की जिल्लाको मानव अधिकारको अबस्थाका सम्बन्धमा जिल्ला समन्वय समिति कास्कीको आयोजनामा सरोकारवाला निकायहरूसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम आइतबार सम्पन्न भएको छा कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो।

पौडेलले मानव अधिकार सम्बन्धि पाचौं राष्ट्रिय कार्ययोजना र अबका बाकी दायित्वका सन्दर्भमा प्रकाश पार्नुभएको थियो। पौडेलले मानव अधिकार कानुन र ऐन नियम र कानुनको कडाइका साथ कार्यान्वयनको विकल्प नभएको भन्दै कास्की जिल्ला मानव अधिकार मैत्री जिल्ला बनाउन सबैको सामुहिक प्रयास जरुरी भएकी बताउनुभयो। कार्यक्रममा इन्सेक पोखराका कार्यक्रम अधिकृत सबनम शर्माले मानव अधिकार सम्बन्धि पाचौं राष्ट्रिय कार्ययोजना सहित मानब अधिकारको बिश्वब्यापी घोषणा पत्र सन १९४८, मानव अधिकारको परिपालनमा जिल्ला तथा पालिकास्तरिय समितिको भुमिका र जिम्मेवारी सम्बन्धमा अबधारणा पत्र पेश गर्नुभएको थियो।

राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालयका अधिकृत मोहन काफ्लेले संयुक्त राष्ट्र संघ मानव अधिकार सम्बन्धि सन १३२५ र १८२० का प्राबधान र कार्यान्वयनमा रहेका चुनौतीको बारेमा प्रकाश पार्नुभएको थियो । कार्यक्रममा कास्कीका जिल्ला न्याधिबक्ता कमला काफ्ले, राष्ट्रिय मानव अधिकार आयोग गण्डकीका प्रमुख नितु गड् तौला, नागरिक समाजका अगुवा राम बहादुर पौडेल, गैरसरकारी संस्था महासंघका केन्द्रिय सदस्य बिना सिलवाल, गैरसरकारी संस्था महासंघ कास्कीका अध्यक्ष डाक्टर बुद्धि बहादुर थापा सहितले कास्कीको मानव अधिकारको अबस्था, कार्यान्वयन र चुनौती सन्दर्भमा आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो । अन्तरक्रीयामा मानव अधिकार सम्बन्धि सरकारी निकाय ,कास्कीस्थित पालिकाका प्रतिनिधि सहित सरोकारवालाहरूको उपस्थिति रहेको थियो । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उप प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराजले गर्नुभएको थियो।

# जनप्रियमा विएमटिएम स्पोर्ट मिट सुरु

पोखरापत्र संवाददाता
पोखरा, २८ पुस



जनप्रिय बहुमुखी क्याम्पसको स्वायत्त कार्यक्रम स्नातक तह पर्वतीय पर्यटन व्यवस्थापन विएमटिएमको वार्षिक स्पोर्ट मिट २०२५ सुरु भएको छ।

स्पोर्ट मिटको समुद्घाटन गर्दै क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेले पर्यटनको राजधानी पोखरामा जनप्रियले नेपालमै पहिलो पटक स्वायत्त कार्यक्रम अन्तर्गत पर्यटन शिक्षा सञ्चालन गरेको दावी गर्दै खेलकुद र पढाइसँगसँगै लैजादा विद्यार्थीको सर्वाङ्गीण विकास हुने कुरामा जोड दिए। क्याम्पस प्रमुख कृष्णबाबु बरालले विद्यार्थीका हरेक समस्यामा क्याम्पसले आवश्यक सहयोग गरी अध्ययनसँगै अतिरिक्त क्रियाकलाप र खेलकुद पूर्वाधारमा थप लगानी गर्ने बताए।

स्वायत्त कार्यक्रम संयोजक दिव्यालक्ष्मी चालिसेले विएमटिममा 'लर्न विथ फन' वातावरण रहेको जनाउँदै कक्षाकोठाभन्दा बाहिर फिल्ड भिजिट, ट्रेकिङ, साहसिक खेलकुदमा विएमटिएमले आफ्ना गतिविधि गरिरहेको जानकारी दिँदै स्पोर्ट मिटले विद्यार्थीबिच मैत्रीपूर्ण सम्बन्ध कायम राख्ने बताइन । स्पोर्ट मिट समुद्घाटन कार्यक्रममा पब्लिक क्याम्पस प्राध्यापक संघका अध्यक्ष विकास थापामगर, दिननाथ लामिछाने, शिलु चालिसे, उपेन्द्र चौधरी, रमेश चालिसे, सुजन भट्टराई, उपप्रशासक एकनारायण अर्याल लगायतका वक्ताले शुभकामना दिएका थिए।

३ दिनसम्म चल्ने स्पोर्ट मिटमा फुटसल, बाघचाल, बास्केटबल, भलिबल, व्याटमिन्टन, मार्बल स्पोन, फिफा, बुद्धिचाल, टग अफ वार, सटपुट, टेबुल टेनिस, एटबल पुल लगायतका खेल रहने छन्।

# हाइकर्स क्लब नेपालको प्रथम वार्षिक साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, २८ पुस



हाइकर्स क्लब नेपालको प्रथम वार्षिक साधारण सभा शनिबार पोखरामा सम्पन्न भएको छ।

सभाको उद्घाटन गर्दै गण्डकी प्रदेश सभा सदस्य प्रकाश बरालले स्वास्थ्य र पर्यटनका लागि हाइकिङ अभियानले लामो समयको अनुभव र निरन्तरता पछि सस्थागत रुप पाएकोमा खुसि व्यक्त गर्दै गाउँको पुराना पदमार्गलाई पर्यटन संग जोड्दै पर्यटन प्रवर्द्धनको दुतको रुपमा हाइकर्स क्लबको भूमिका महत्वपुर्ण हुने बताए। कार्यक्रममा पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारीले पर्यटकको बसाइ लम्व्याउनका लागि र पोखरामा आउने पर्यटकलाई गाँउठाँउको रहनसहन देखाउदै भुलाउनको लागि हाइकिङ उत्तम माध्यम भएको बताउँदै हाइकर्स क्लब नेपालले हाल सम्म गरेको हाइकिङ गन्तब्यका पहिचान सहितको गाइडबुक निकालेर पोखराको पर्यटन पर्वद्धनमा थप टेवा पुग्ने बताउदै यस कार्यमा लाग्न पोखरा पर्यटन परिषदले साथ दिने बताए। सो अवसरमा पोखरा महानगरपालिकाका पर्यटन विकास समितिका उपाध्यक्ष रविन्द्रराज पौडेलले पोखरा भ्रमण वर्ष २०२५ को घोषणा हुने क्रममा रहेको बताउदै क्लबलाई साथ र सहयोग गर्न महानगर तयार रहेको बताए। त्यसै गरी राष्ट्रिय पर्यटन परिषदका पुर्व सदस्य एवम पोखरा २१ का पुर्व वडा अध्यक्ष खगराज आचार्यले पर्यटन प्रवर्द्धनको स्पष्ट मार्गचित्र कोरेर दिर्घकालिन योजना बनाएर नै हाइकिङ अभियानलाई अगाडी बढाउन सुझाव दिएका थिए।

कार्यक्रममा हाइकिङ अभियानलाई सुरुवाती दिनहरुमा नेतृत्व गर्न भूमिका खेल्ने प्रविन तुलाचन, जेष्ठ नागरिक भएर पनि निरन्तर हाइकिङमा सहभागी हुने यमबहादुर रानाभाट र सुशिला रानाभाट सहित महिला सरस्वती अधिकारीलाई सम्मान गरिएको थियो। त्यस्तै एसियन फोरमका अध्यक्ष पार्वती पौडेल रेग्मी, सम्मानित व्यक्तिको तर्फबाट प्रविण तुलाचन शुभकामना व्यक्त गरेका थिए भने राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान स्याङजाका अध्यक्ष लोक दोहोरी गायक नेत्र खड्काले हाइकिङसंग सम्बन्धित साँङगीतिक प्रस्तुति राखेका थिए। सभामा कोषाध्यक्ष टिका आचार्य सुवेदीको आर्थिक प्रतिवेदन र सचिव मधु अधिकारीले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने सभाले सर्वसम्मत पारित गरेका थियो। हाल क्लबमा २८ जना आजिवन र ४० जना साधारण सदस्य रहेको जानकारी दिएका थिए। क्लबका अध्यक्ष कृष्ण रानाभाटको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्वागत सदस्य तिलक थापा संचालन सचिव मधु अधिकारीले गरेका थिए।

सभा सम्पन्न गरेपछि हाइकर्स टोलीले आफ्नो ५४ औं हाइकिङको रुपमा पाखरा १७ डेमसाइड रानीवन हुदै पोखरा २२ कोदीमा अवस्थित झण्डापार्क सम्म पुगेको थियो।

# गोरखा-गोरखापुर 'खिचडी यात्रा' सुरु

पोखरापत्र संवाददाता
गोरखा, २८ पुस

गोरखाको प्रसिद्ध धार्मिकस्थल गोरखनाथ मन्दिरदेखि भारतको उत्तर प्रदेशस्थित गोरखपुरमा रहेको गोरखानाथ मन्दिरसम्म 'खिचडी यात्रा' सुरु भएको छ।

धार्मिक तथा सांस्कृतिक महत्वको गोरखाको गोरखनाथ कालिका मन्दिरको प्रचारप्रसार गर्ने उद्देश्यले आइतबार विहान गोरखपुरका लागि 'खिचडी यात्रा' सुरु गरिएको गौमाता सेवा महासङ्घ गोरखाका अध्यक्ष होमसिंह बस्न्यातले जानकारी दिनुभयो । गोरखामा धार्मिक पर्यटकीय गतिविधि बढाउन गोरखादेखि गोरखपुरमा रहेको गोरखनाथ मन्दिरसम्म गत वर्षदेखि खिचडी यात्रा गर्न थालिएको उहाँको भनाइ छ । "माघी पर्वका अवसरमा प्राचीनकालदेखि नै यहाँस्थित गोरखनाथ मन्दिरबाट गोरखपुरको गोरखनाथ मन्दिरमा खिचडी पठाउने प्रचलन रहेछ", उहाँले भन्नुभयो, "बीस वर्षभन्दा बढी समयदेखि रोकिएको उक्त परम्परा गत वर्षदेखि पुनः निरन्तरता दिइएको हो।" खिचडी यात्राबाट परम्पराको जर्गेनामा मद्दत पुग्ने उहाँको भनाइ छ । गोरखाबाट लगिएको खिचडी गोरखपुरको गोरखनाथ मन्दिरमा चढाइन्छ। उक्त यात्रामा जनप्रतिनिधिसहित ६० जना हुनुहुन्छ। "आज बिहान गोरखानाथ मन्दिरबाट शुभसाइत गरी बाजागाजा मङ्गलधुन स्वस्तिक वाचनसहित गोरखा-गोरखपुर यात्रा आरम्भ गरिएको छ", अध्यक्ष बस्न्यातले भन्नुभयो । गोरखपुरको गोरखनाथ मन्दिरमा माघी पर्वका ब्रहममूर्तको समयमा खिचडी चढाएपछि मात्रै खिचडी भोग गर्ने परम्परा छ।

खिचडी पुऱ्याउने परम्पराको पुनः थालनी गरेसँगै भारतको उत्तर प्रदेश र गोरखाबीचको धार्मिकसम्बन्ध अझै बलियो हुँदै जाने र यसले गोरखामा धार्मिक पर्यटक बढाउन सकिने अध्यक्ष बस्न्यातको भनाइ छ।

# पोखरा ३३ को तल्लो पुडीमा काँग्रेसको अभियान

पोखरापत्र संवाददाता
पोखरा, २८ पुस

पोखरा महानगरपालिका वडा नं ३३ मा नेपाली काँग्रेसको एक सय दिने विशेष अभियान जारी रहेको छ।

अभियान अन्तर्गत पोखरा ३३ को तल्लो पुडीमा आइतबार कार्यक्रम गरिएको छ। कार्यक्रममा बोल्दै नेपाली काँग्रेस कास्कीका सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले भ्रम र यथार्थलाई बुझ्नुपर्नेमा जोड दिनुभयो । सो वडाका लागि अभियान संयोजक समेत रहनु भएका सहसचिव सिग्देलले विवकेशील नेता र सचेत कार्यकर्ता भएको पार्टीले जनभावनालाई सम्बोधन गर्न सक्ने बताउनुभयो। नेपाली काँग्रेस क्षेत्र नं २ कास्कीका सभापति केशर प्रसाद निर्दोषीले सबै परिवर्तनको नेतृत्व गरेको काँग्रेसले जनताको आवश्यकतालाई पनि पूरा गर्न सक्ने बताउनुभयो । त्यस अवसरमा नेपाली काँग्रेस कास्कीका आमन्त्रित सदस्य भोजराज आचार्य, प्रदेश प्रतिनिधि रामचन्द्र पौडेल, पोखरा ३३ वडा कार्यसमिति सभापति तिलक प्रसाद अधिकारी, क्षेत्रीय प्रतिनिधि सूर्य मोहन आचार्य लगायतले बोल्नुभएको थियो । नेपाली काँग्रेस तल्लो पुडी टोल कार्य समितिका सभापति सम्मर पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा उपल्लो पुडी टोल कार्य समितिका उपसभापति हरि बहादुर थापाले स्वागत र कोषाध्यक्ष कमल आचार्यले संचालन गर्नुभएको थियो।

# चिसो बढेपछि ढोरपाटनका विद्यालय बन्द

पोखरापत्र संवाददाता
बागलुङ, २८ पुस

अत्यधिक चिसो बढेपछि बागलुङको ढोरपाटन उपत्यका क्षेत्रका विद्यालय बन्द भएका छन् । केही दिनयता अत्यधिक चिसो बढेपछि यही पुस २६ गतेदेखि उपत्यकाका ६ विद्यालय बन्द गरिएका हुन्। ढोरपाटन नगरपालिका-९ ढोरपाटनमा पर्ने ती विद्यालय अब माघ तेस्रो साता मात्रै खुल्ने छन्।

अत्यधिक चिसो बढेपछि पाखाथरस्थित ज्योति विकास माध्यमिक विद्यालय, छेन्तुङको सिद्धबराह प्राथमिक विद्यालय, सहलथानस्थित सहलथान प्राथमिक विद्यालय, दिजाको बाल ज्योति प्राथमिक विद्यालय, मसस्थित ढोरपाटन दुर्गम प्राथमिक विद्यालय र स्यालपाखेस्थित ढोरबहारा प्राथमिक विद्यालय बिहीबारदेखि बन्द भएका ढोरपाटन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चीरञ्जीवी घिमिरेले जानकारी दिनुभयो। जनवादी आधारभूत विद्यालय भने घुम्ती पढाइका लागि ढोरपाटन नगरपालिका-९ बोबाङमा झरेको छ । चिसोले विद्यार्थी कठ्याङग्रिएपछि पठनपाठन बन्द गरिएको उहाँले बताउनुभयो । "हिउँदमा ढोरपाटन क्षेत्रमा पठनपाठन गर्न समस्या हुन्छ, त्यसैले आगामी माघ २० गतेसम्म विद्यालय बन्द गरेका छौं", घिमिरेले भन्नुभयो, "अहिले बन्द भएका विद्यालयमा वर्खामा भने नियमित पढाइ हुन्छ।" जनवादी आधारभूत विद्यालय बोबाङबाट अहिले सञ्चालन हुने हुँदा वर्खामा बिदा हुँदैन। ढोरपाटनका विद्यालयमा करिब तीन सय बढी विद्यार्थी अध्ययनरत छन् । ज्योति विकास माध्यमिक विद्यालयका प्रधानाध्यापक चकबहादुर अदैले चिसोका कारण बालबालिका बिरामी पर्न थालेपछि पठनपाठन बन्द गरिएको बताउनुभयो।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

- पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
- महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
- सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरू।
- मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजे देखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# नेपाल–भारत अन्तरसरकारी बैठक

अनधिकृत व्यापार नियन्त्रण हेतु व्यापार, पारवहन र सहकार्यसम्बन्धी भारत–नेपाल अन्तरसरकारी समिति (आइजिसी) को बैठक भएको छ । व्यापार र लगानी सम्बन्धलाई सुदृढ पार्ने उद्देश्य रहेको उक्त द्विपक्षीय संयन्त्र आईजीसीको बैठकले द्विपक्षीय व्यापार र आर्थिक सम्बन्धको समस्त क्षेत्रको विस्तृत समीक्षा गरेको थियो । दुवै पक्षले पारस्परिक बजार पहुँचका मुद्दाहरू, आइपिआर र करसम्बन्धी विषयहरूको समीक्षा गरेका थिए । एजेन्डामा रक्सौल–वीरगञ्ज रेल लाइनको विद्युतीकरणसहित पारवहन सन्धि र व्यापार सन्धिको समीक्षा, विद्यमान सम्झौताहरूमा प्रस्तावित संशोधन, मापदण्डहरूको समन्वय तथा व्यापार पूर्वाधारको क्रमिक विकाससम्बन्धी छलफल समावेश थियो ।

बैठकमा भारतीय पक्षले दुई लाख मेट्रिक टन गहुँ आपूर्तिका लागि नेपालले गरेको अनुरोध स्वीकृत भएको जानकारी गराएको थियो । नेपाललाई अत्यावश्यक वस्तुको आपूर्ति सुनिश्चित गर्न भारतीय पक्षले निरन्तर सहयोग गरेकामा नेपाली पक्षले धन्यवाद व्यक्त गरेको थियो । नेपाली पक्षको अनुरोधमा, भारतीय पक्षले फूलबारी (भारत) रुट हुँदै काँकडभिट्टा (नेपाल)–बङ्गलाबन्ध (बङ्गलादेश) मा कार्गो–इन–ट्रान्जिटको हकमा सडक परिवहन तथा राजमार्ग मन्त्रालयको प्रचलित नियमावलीअनुसार दुई एक्सल सवारीसाधनका लागि अधिकतम एक्सल तौल १८.५ टन र तीन एक्सेल सवारीसाधनका लागि २८ टनको एक्सल तौल नेपाली सवारीसाधनका हकमा पनि लागू गर्न सकिनेमा सहमति जनाएको छ ।

नेपाली पक्षको अनुरोधमा प्रतिक्रिया जनाउँदै भारतीय पक्षले भारतको प्लान्ट क्वारेन्टिन अर्डरमा सालको बीउ र इस्कुसलाई समावेश गरिएको जानकारी गराएको थियो । प्रशोधित वस्तु (वनस्पति पैदावर) को सूचीमा जटामसी–जरा एक्सट्र्याक्ट, सुगन्धकोकिला बेरी एक्सट्र्याक्ट, सुगन्धवाल राइजोम (मोटो जरा) एक्सट्र्याक्ट र टिमुर बेरी एक्सट्र्याक्टलाई समावेश गर्ने अनुरोधलाई पनि स्वीकार गरिएको छ । भारतीय पक्षको अनुरोधमा, नेपाली पक्षले आफ्नो प्राविधिक प्रणालीमा इपाक्युइ र पोलिहाइड २८ जस्ता उत्पादनहरूको पुनर्वर्गीकरणसम्बन्धी कागजातहरूको समीक्षा गर्न आफू सकारात्मक रहेको जनाएको थियो ।

भारतीय पक्षले नेपालतर्फ दूध निर्यातमा देखिएका समस्याबारे जानकारी गराएको थियो । नेपालमा पर्याप्त मात्रामा उत्पादन नहुने मोही, चीजलगायत दुग्धजन्य पदार्थका लागि भारतीय पक्षको अनुरोधलाई नेपाली पक्षले सकारात्मक तवरले विचार गर्ने सहमति जनाएको छ । बैठकले नयाँ एकीकृत जाँच चौकी र रेलवे लिङ्कको निर्माणलगायत अन्यमार्फत भारत–नेपालबीच निर्बाध अन्तरदेशीय कनेक्टिभिटीलाई सुदृढ पार्ने उद्देश्यका साथ लिइएका द्विपक्षीय पहलहरूको स्वागत गरेको छ । दुवै पक्षले समृद्ध द्विपक्षीय व्यापारको साझा दृष्टिकोणलाई प्रतिबिम्बित गर्दै द्विपक्षीय कनेक्टिभिटीलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् । नेपाल र दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) सँग अनलाइनको स्वीकृतिबारे छलफलका लागि दुवै पक्षले संयुक्त कार्यदल गठन गर्न सहमति जनाएका छन् ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# पोखरा १० उपशाखाको ३१ औं साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २८ पुस



नेपाल रेडक्रस सोसाइटी पोखरा–१० उपशाखाको ३१औं साधारण सभा तथा सम्मान कार्यक्रम उपशाखाको सभाहलमा सम्पन्न भयो ।

उक्त साधारण सभा पोखरा महानगरपालिका वडा नं १० का वडा सदस्य परमेश्वर बहादुर कार्कीको प्रमुख अतिथीमा दिप प्रज्जलनका साथ हेनरी ड्यूनाको तस्विरमा माल्यार्पण गरी साधारण सभाको उद्घाटन गर्नुहुदै मानवीय सेवामा समर्पित हुदै जहा बिपत त्याहा रेडक्रस भन्ने अभिप्रायले ३१औं बसन्तमा प्रवेश गरेको अबसरमा कास्की जिल्लाकै उत्कृष्ट उपशाखामा आफ्नो पहिचान बनाउन सफल यस उप शाखाले उपशाखाको मात्रै नभै वडाको समेत बाताबरण संरक्षण, असहाय विद्यार्थी सहयोग देखि हरेक मानबिय सेवा र उपशाखा हातेमालो कार्यक्रम जस्ता कार्यमा लागी परेको हुदा अझ मजबुत राख्न वडा नं १० को अहम भुमिका रहने बताउनु हुदै साधारण सभाको सफलताको शुभकामना दिनुभयो । ३१औं साधारण सभामा सचिवको वार्षिक तथा भाबी कार्यक्रमको प्रतिवेदन सचिव बिन प्रसाद गुरुङ्ग र कोषाध्यक्षको बार्षिक तथा भाबी आम्दानी खर्चको प्रतिवेदन कोषाध्यक्ष नरहरि पनेरूले प्रस्तुत प्रतिवेदन माथि छलफल गरी पास गरिएको उक्त साधारण सभामा तमुधी युकेका सस्थापक अध्यक्ष तमु समाज युकेका सल्लाहकार एवं ट्रस्ट रामबजार पोखरा १० का सुवास सिं गुरुङ्गले रेडक्रस को सिद्धान्त यसले गर्ने कार्यको बिषयमा स्पस्ट हुनुहुँदैन बिशिष्ठ सदस्यका लागी रू २५ हजार २ सय हस्तान्तर गर्नु भएको उक्त साधारण सभा मा उपशाखा स्तरिय हातेमालो कार्यक्रम अन्तर्गत मिजुरे उपशाखालाई भबन निर्माण गर्न रू ५ हजार ५ सहयोगको चेक हस्तान्तर गऱ्यो । नेपाल रेडक्रस सोसाइटी पोखरा १० लाइ सस्था स्थापना को सुरूवाप मै रामबजार क्षेत्रमा मानबिय कार्य गर्न एम्बुलेन्स हस्तान्तर गरि विशेष योगदान पुऱ्याउनुहुने रामबजार सोसाइटी युके का सस्थापक अध्यक्ष राम बहादुर गुरुङ्ग लाई स सम्मान सम्पन्न – पत्र, दोसल्ला र फुलको गुच्छाले सम्मान गरिएको थियो।

उक्त ३१औं साधारणमा नेपाल रेडक्रस सोसाइटी पोखरा १० का नि बर्तमान सभापति सम्मर बहादुर श्रेष्ठले उपशाखाको पुरानो इतिहास देखी बर्तमान सम्मको उपशाखाको गतिविधिलाई प्रस्ट पार्नुहुँदै एम्बुलेन्स, २०७२ को भुकम्पमा राहत बितरणमा ठुलो सहयोग गर्नुहुने रामबजार सोसाइटी यूके र तमु समाज युके लाई हार्दिक धन्यबाद दिनुभयो ।

साधारण सभा कार्यक्रममा सम्मानित ब्यक्ति रामबजार सोसाइटी युकेका सस्थापक अध्यक्ष राम बहादुर गुरुङ्ग, रामबजार सोसाइटी युकेका बरिष्ठ सल्लाहाकार महेश गुरुङ्ग, तमुधि युकेका सस्थापक अध्यक्ष तमु समाज युकेका ट्रस्ट एवं सल्लाहाकार सहयोगी सुवास सिं गुरुङ्ग, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीका उप कोषाध्यक्ष रमेश राज भण्डारी,फेवा बचत तथा ऋण सहकारी सस्था जिरो कि मी का प्रमुख कार्यकारी अधिकृत हरिभक्त पौडेल लगायतका बक्तहरूले आ आफ्नो बिचार राख्नुहुदै मानबिय सेवाका कार्यहरूमा सहयोगको आवश्यक परे सर सल्लाह गरी सहयोग गर्ने बचन दिनुहुदै उपशाखाको सफलताको शुभ कामना दिनुभयो ।

कार्यक्रममा रेडक्रसका सात सिद्धान्त उपशाखाका सदस्य निर्मला श्रेष्ठले रेडक्रसका सात सिद्धान्त बाचन गर्नु भएको कार्यक्रमा उपशाखाका उप सभापति पबित्रा देबी गुरुङ्गले स्वागत द्वारा सबैलाई स्वागत गर्नुभएको ३१औं साधारण कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पोखरा १० का सभापति जीवन श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रम को उपशाखाका सचिव बिन प्रसाद गुरुङ्गले संचालन गर्नुभएको थियो ।

# म्याग्दीका आयोजनालाई प्राथमिकता दिने सभापति देउवाको प्रतिबद्धता

पोखरापत्र संवाददाता
म्याग्दी, २८ पुस

नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले म्याग्दीका विकास आयोजनालाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

नेपाली कांग्रेस म्याग्दीले आइतबार बेनीमा आयोजना गरेको कार्यकर्ता भेटभाटका क्रममा देउवाले जिल्लाको सडक, नदी नियन्त्रण, स्वास्थ्य पूर्वाधार, धार्मिक पर्यटकीयस्थलको विकासमा पार्टीको साथ रहेको र प्रधानमन्त्री केपी शर्मा ओलीसँग समन्वय गर्ने प्रतिबद्धता जनाउनुभयो ।

सभापति देउवासमक्ष कांग्रेस म्याग्दीका सभापति तथा प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजाले जिल्लाका प्राथमिकता प्राप्त आयोजनाका लागि बजेट व्यवस्थापन गरिदिने सम्बन्धमा मागपत्र बुझाउनुभएको थियो । मागपत्र बुझ्दै सभापति देउवाले प्रधानमन्त्री र मन्त्रीहरुसँग छलफल गरी योजना कार्यान्वयनका लागि पहल गर्ने प्रतिबद्धता जनाउनुभएको हो ।

मागपत्रमा बेनी–दरवाङ–मुना–ढोरपाटन सडकलाई मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प बनाउन स्तरोन्नति गर्नुपर्ने, बेनी–दरवाङ सडकको फापरखेतको पहिरोको विकल्पमा बेलिब्रिज जडान गर्नुपर्ने, बेनी बजारमाकटाननियन्त्रणआयोजना, बेनी–पाखापानी–मल्कवाङ चक्रीय सडक, पोखरेबगर–घोडेपानी–कास्कीलाई सडकले जोड्न, बृहत् चिमखोला पिप्ले भगवती खानेपानी आयोजना र अन्नपूर्ण आधार शिविर जोड्ने पदमार्गमा पूर्वाधार निर्माणको विषय समावेश गरिएको थियो । रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले राखुको गुठी जग्गासम्बन्धी समस्या समाधानका लागि सभापति देउवाको ध्यानाकर्षण गराउनुभयो ।

नेपाली कांग्रेस म्याग्दीका उपसभापति कर्णबहादुर भण्डारी र पूर्वसभापति तथा संविधानसभा सदस्य रेशमबहादुर बानियाँले पार्टीको गतिविधि र जिल्लाको अवस्थाबारे जानकारी गराउनुभएको थियो । त्यस अवसरमा देउवाले बेनी अस्पतालको निर्माणाधीन ५० शयूया क्षमताको भवनको पनि निरीक्षण गर्नुभएको थियो । विसं २०७४ मा सुरु भएको भवन निर्माणले पूर्णता नपाउँदा बेनी अस्पतालको सेवा प्रभावकारी हुन सकेको छैन । सहरी विकास मन्त्रालयमार्फत सञ्चालित अस्पतालको भवन निर्माणलाई तीव्रता दिनका लागि दबाब दिन उच्च तहका राजनीतिक नेतृत्वको अनुगमन गराइएको नेपाली कांग्रेस म्याग्दीका सचिव भरत रकालले बताउनुभयो ।

# न्यायाधीश सरुवाले मुद्दा सुनवाइ ठप्प

पोखरापत्र संवाददाता
पर्वत, २८ पुस

जिल्ला अदालत पर्वतमा कार्यरत न्यायाधीश सरुवा हुँदा चालु अवस्थामा रहेका मुद्दा विगत १५ दिनदेखि सुनुवाइ ठप्प भएको छ ।

जिल्ला अदालतमा कार्यरत न्यायाधीश विद्याराज पौडेलको गत पुस १२ गते सरुवा भएको हो । उक्त दिनदेखि अदालतमा रहेका मुद्दाको सुनुवाइ हुन सकेको छैन् । जिल्लामा कार्यरत न्यायाधीश पौडेलको मुस्ताङको जिल्ला न्यायाधीशका रूपमा सरुवा भएको थियो । न्यायाधीश पौडेलको स्थानमा पर्वत जिल्ला अदालतमा अछामबाट प्रकाश ढुङ्गानाको सरुवा भएको छ । अछामबाट सरुवा हुनुभएका जिल्ला न्यायाधीश कार्यक्षेत्रमा हालसम्म उपस्थित नहुँदा दैनिक मुद्दा सुनुवाइ कार्य रोकिएको पर्वत जिल्ला अदालतका श्रेस्तेदार वीरेन्द्रप्रकाश खड्काले बताउनुभयो ।

यौन दुर्व्यवहार घटनाकी पीडित एक महिलाले पटकपटक मुद्दा सुनुवाइ कार्य स्थगन हुँदा आफूले समयमा न्याय पाउन नसकेको गुनासो गर्नुभयो । विसं २०८१ वैशाखमा यौन दुर्व्यवहार घटनाकी पीडित ती महिलाको अदालतमा मुद्दा चालु प्रक्रियामा छ ।

आरोपित पुर्पक्षका लागि थुनामा भए पनि एउटै मुद्दा नौपटकसम्म इजलासमा पेशी चढेको अदालतको तथ्याङ्कमा उल्लेख छ । तर नौपटकसम्म पेशीका रूपमा इजलास पेस भएको मुद्दा ६ पटक विविध कारण देखाएर स्थगन भएको छ भने दुई पटकमात्र आदेश भएको छ । न्यायका लागि अदालतमा आएका सर्वसाधारण पटकपटक मुद्दा सुनुवाइ प्रक्रिया स्थगन हुँदा र समयमा मुद्दा फछ्र्योट हुन नसक्दा समस्यामा परेका छन् ।

पर्वत जिल्ला अदालतमा एउटा मात्र न्यायाधीशको दरबन्दी छ । न्यायाधीश नहुँदा अहिले दैनिक चारदेखि आठवटासम्म मुद्दाको इजलासबाट सुनुवाइ कार्य स्थगन हुने गरेको छ । सामान्य थुनछेक आदेशकार्य भने नरोकिएको श्रेस्तेदार खड्काले बताउनुभयो ।

पछिल्लो समय जिल्ला अदालतमा आर्थिक लेनदेनका मुद्दासँगै दुनियाबादी देवानी मुद्दाको सङ्ख्या अधिक रहेको उहाँले बताउनुभयो ।

# राष्ट्रपति रनिङ शिल्ड : सत्यवती विद्यालय प्रथम

पोखरापत्र संवाददाता
तनहुँ, २८ पुस

तनहुँको व्यास नगरपालिकाद्वारा आयोजित छैठौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ । व्यास–१ भादगाउँस्थित निर्मल माध्यमिक विद्यालय प्राङ्गणमा यही पुस २६ देखि २८ गतेसम्म सञ्चालित प्रतियोगितामा २८ पदकसहित सत्यवती माध्यमिक विद्यालय पहिलो भएको छ । सामुदायिक र संस्थागत गरी सहभागी २३ विद्यालयमध्ये सत्यवतीले १५ स्वर्ण, छ रजत र सात कास्य पदक प्राप्त गरेको छ । यस्तै द्वितिय भएको निर्मल माविले ६ स्वर्ण, पाँच रजत र तीन कास्य तथा तृतीय भएको व्यास–६ शिशाघाटस्थित महेन्द्र ज्योति माध्यमिक विद्यालयले तीन स्वर्ण, सात रजत र दुई कास्य पदक प्राप्त गऱ्यो । जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्ले, व्याश नगर खेलकुद समितिका अध्यक्ष एवं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका संयोजक जीवन गुरुङलगायतले मेडल, ट्रफी र शिल्ड प्रदान गर्नुभयो ।


## कम्पनीको नाम परिवर्तन भएको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०९/२९**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयको २०८१/०९/१२ को निर्णय अनुसार साविक कम्पनी भि.थ्रि.एस. कन्सोर्टियम प्रा.लि. नं. २१३३५७/०७५/०७६ को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको ए.ई.सि सर्भिसेज प्रा.लि. (AEC Services Pvt. Ltd.) ले सकर्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा सम्वन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ ।



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना

जन्म : १९९८/१२/३० गते



स्वर्गारोहण : २०८१/१२/३० गते

**स्व. किस्नान्द भट्ट**

यस चित्रे भञ्ज्याङ्ग पोखरा सम्पर्क मञ्च, कास्कीका संस्थापक कोषाध्यक्ष सरिता रानाका ससुराबाबा तथा आजिवन सदस्य विष्णु भट्टका पुजनीय बुबा **किस्नान्द भट्ट**को ८३ वर्षको उमेरमा असामयीक निधन भएकोमा यस मञ्च परिवार अत्यन्त मर्माहित र स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै आज १२ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**बुद्धिराम लम्साल**
**अध्यक्ष तथा**
**चित्रे भञ्ज्याङ्ग पोखरा सम्पर्क मञ्च**
**कास्की परिवार**

# सफलता उन्मुख लेखनाथ महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा २८ पुस

पुस १८ गतेदेखि लेखनाथमा जारी २०औं संस्करणको लेखनाथ महोत्सव दर्शकहरूको साथ र सहभागिताले सफलतातर्फ उन्मुख भएको आयोजकले दावी गरेका छन् । महोत्सवको एघारौं दिनसम्म आईपुग्दा हरेक दिन दर्शकको उल्लासमय उपस्थिति र उत्साहजनक कारोबार भएको भन्दै महोत्सव सफलतातर्फ अगाडि बढेको आयोजकले दावी गरेको छ ।

महोत्सवमा एघारौं दिनसम्म आईपुग्दा हरेक दिन दर्शकहरुको भीडभाड उत्तिकै देखिएको भन्दै महोत्सव आयोजक मुल समितिका संयोजक विनोद श्रेष्ठले भने, "महोत्सवको एघारौं दिनसम्म आईपुग्दा महोत्सव सफलतातर्फ उन्मुख भएको देखिएको छ, दर्शकहरुको उत्साहजन सहभागिताले आयोजकलाई उत्साहित बनाएको छ ।" महोत्सव सफल पार्न यहाँका व्यापारी व्यवसायी तथा आम सर्वसाधारण र सरोकारवालाको महत्वपूर्ण भुमिका रहेको भन्दै महोत्सवमा राखिएको स्थानीय उत्पादन तथा कृषि स्टलहरुमा पनि दर्शकले निकै चासो राखेको पाईएको अध्यक्ष श्रेष्ठले बताए ।



समग्र महोत्सवमा रहेका गतिविधिहरुप्रति दर्शकहरुको निकै रुची र चासो देखिएको भन्दै महोत्सवका सहसंयोजक राजेन्द्र ओभालालेभने "बालबालिकाहरुदेखि बृद्धवृद्धासम्मको लागी मनोरञ्जन लिने एउटै साझा मञ्च लेखनाथ महोत्सव सावित भएको छ । महोत्सव अन्त्यतिर आईपुग्दा धेरै उत्साहजनक नै छ । दर्शकको माया र सहभागिताले आयोजकलाई थप उर्जा थपेको छ ।" आयोजकलाई थप आगामी दिनका लागी समेत उर्जा थपेको भन्दै महोत्सवलाई सफलतातर्फ उन्मुख बनाउन मद्दत गर्नुहुने दर्शक तथा सरोकारवालाप्रति धन्यवाद व्यक्त गर्दै सहसंयोजक ओभालेले लेखनाथ महोत्सव महोत्सवको पनि महोत्सव भएको भनाईलाई थप पुष्टि गरेको दावी गरे । माघ १ गते महोत्सवको समापन हुने भएकाले यस पटकको महोत्सवले पनि लक्ष्य वरावरकै सफलता हात पार्न सक्ने अनुमान गरिएको छ । महोत्सवमा आईतबार लोकदोहोरी कलाकारहरु खुमन अधिकारी, प्रिती आले, विक्रम परियार, सुनितामी परियार, सुमन खड्का र मञ्जु वि.क. लगायतले प्रस्तुती राखेका थिए भने बेलुका लाईभ कन्सर्टमा भाष्करध्वज श्रेष्ठको डिमर्चा ब्याण्डले स्टेज तताएको थियो । सोमवार कलाकारहरु लोकदोहोरीतर्फ प्रजापति पराजुली, तारापती सुवेदी, सरला पाण्डे, राजन कार्की, आशा केसी, लक्ष्मी नेपाली तारा थापा, प्रस्तुती रहने र बेलुका लाईभ कन्सर्टमा प्रमोद खरेलको परम्परा ब्याण्ड र स्थानिय ब्याण्ड सुजित एण्ड दि वार्यस ब्याण्डको प्रस्तुती रहने कलाकार ब्यवस्थापन उप-समितिका संयोजक उपेन्द्रराज सुवेदी(राजु) ले जानकारी दिएका छन् ।

# पोखरा महोत्सवमा प्रकाश दुतराजको दमदार प्रस्तुति

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस




पोखराको अमरसिंह चौरमा जारी १३ औं संस्करणको पोखरा महोत्सवमा आइतबार प्रकाश दुतराजको प्रस्तुतीमा दर्शकले भरपुर मनोरञ्जन लिएका छन् ।

युवाहरुमाझ लोकप्रिय प्रकाशको प्रस्तुती मार्फत दर्शकहरुले भरपुर मनोरञ्जन लिएका हुन । चोली मैलो भो भन्ने बोलको गीतबाट आफ्नो प्रस्तुती सुरु गरेका दुतराजले बैनी झ्यालैमा, घरकता हो बैनीको, जुन माया, लाहुर जाने रेलैमा, रिमै, रेशम लगायतका दर्जन बढी गीत प्रस्तुत गरे । प्रकाशको प्रस्तुतीमा युवा देखी बृद्ध हरुले भरपुर मनोरञ्जन लिए ।

आइतबार दुतराज सँगै चोलेन्द्र पौडेल, कृष्ण अखेली, सीता परियार, जीवन सिग्देल, तुलसा क्षेत्री, पार्वती गुरुङ पाङ, लक्ष्मी बानियाँ, नवराज अधिकारीको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरञ्जन लिए । त्यसैगरी हाँस्यव्यङ्ग्य तर्फ दीपक थापाको प्रस्तुती र जादुमा समेत दर्शकले भरपुर मनोरञ्जन लिए । आइतबार साँझको लाइभ कन्सर्ट तर्फ चर्चित ऱ्यापर उर्गेनको प्रस्तुतीमा युवाहरु झुमे । महोत्सवको पाँचौं दिन सोमबार ज्योती मगर, शंकर बिरही गुरुङ, चोलेन्द्र पौडेल, माया गुरुङ, टेक क्षेत्री, कृष्ण सुवेदी, तुलसा जिसी, कमला गैरे लगायतको प्रस्तुती रहने छभने साँझको लाइभ कन्सर्ट तर्फ डी फिरन्तेको प्रस्तुती रहने महोत्सवका कलाकार ब्यवस्थापन उपसमिति संयोजक गणेश तिमिल्सिनाले जानकारी दिए । चौथो दिनसम्म आइपुग्दा महोत्सवमा दर्शकको भीड बढ्दै जान लागेको छभने महोत्सवमा राखिएको स्टलहरुमा समेत उल्लेख्य मात्रामा ब्यापार वढ्दै गएको महोत्सवका अर्थ तथा स्टल ब्यवस्थापन उपसमिति संयोजक जयराम आचार्यले जानकारी दिए ।

महोत्सवमा आस्था किड्नी एण्ड स्पेशलाईज्ड हस्पिटल प्रालिको कक्षबाट प्रत्येक दिन एक जनालाई निशुल्क होलबडी चेकअप र फिजियसिन कन्सल्ट र एक जनालाई उक्त सेवामा ५० प्रतिशत छुट प्रदान गरिएको छ ।

# पूर्ण स्मृति शुक्लागण्डकी एफ.एम. सम्मान तथा पुरस्कार-२०८१ प्रदान

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ पुस



तनहुँ मिडिया नेटवर्क प्रालिद्धारा सञ्चालित शुक्लागण्डकी एफ.एम. ९७.६ मेगाहर्जका तत्कालिन अध्यक्ष पूर्ण कुमार श्रेष्ठको स्मृतिमा स्थापित पूर्ण स्मृति शुक्लागण्डकी एफ.एम. सम्मान तथा पुरस्कार-२०८१ शनिवार प्रदान गरिएको छ ।

रेडियोको नवौं वार्षिक साधारणसभा एवम् छैटौं अधिवेशनसँगै शुनपा- ९ स्थित सुरौदी दोभानमा शनिवार आयोजित कार्यक्रममा नेपाल एफएम नेटवर्क प्रालि काठमाडौंका प्रबन्ध निर्देशक गोविन्द खडका, रेडियोका संस्थापक अध्यक्ष एवम् छनौट समितिका संयोजक नारायण कुमार श्रेष्ठ, अध्यक्ष ऋषेश्वर भुवाई ऋतु लगायतले उनीहरुलाई सम्मान गरे । साहित्यतर्फ भिम रानाभाट (ज्यालादारी) पत्रकारितातर्फ पत्रकार प्रकाशचन्द्र भट्टराई र समाजसेवातर्फ देउ बहादुर गुरुङ सम्मानित भए । पत्रकारिता र साहित्यतर्फ पुरस्कारको राशी नगद १०/१० हजार, प्रमाण पत्र र पूर्ण स्मृति सामाजिक सेवा पुरस्कार तथा सम्मानतर्फ नगद ५ हजार र प्रमाणपत्र रहेको छ । तनहुँ जिल्ला भित्र क्रियाशिल रहेका मध्य एक र खोज पत्रकारिता क्षेत्रमा लागेका व्यक्ति, तनहुँ जिल्लामा साहित्यिक क्षेत्रमा सक्रिय रहेका व्यक्ति र शुक्लागण्डकी नगर क्षेत्रमा सामाजिक क्षेत्रमा सक्रिय व्यक्ति सम्मानित भएका हुन् ।

सो अवसरमा बोल्दै नेपाल एफ.एम. नेटवर्कका प्रबन्ध निर्देशक गोविन्द खड्काले रेडियो हुर्काउन पछिल्ला दिनमा चुनौती थपिदै गएको बताए । हामीले रेडियो सहज तरिकाले जन्मायौं । देशमा १ हजार १ सय रेडियो दर्ता भएकोमा प्रभावकारी ढंगबाट थोरै संख्यामा चलेका छन । उनले अगाडी भने, त्यसैले रेडियो जन्माउनेलेनै बन्द गर्न थालेका छन् । यो निकै चुनौतीपूर्ण अवस्था हो । दुई दशक बढि रेडियोको अनुभव संगालेका खड्काले शुक्लागण्डकी एफ.एम.ले आगामी दिनमा अन्य विधालाई पनि समेटेर अगाडी बढ्नुपर्नेमा जोड दिए । सम्मानित व्यक्ति प्रकाशचन्द्र भट्टराईले सञ्चारमाध्यमले भुइमान्छेको कुरा उठाउनुपर्नेमा जोड दिए । साहित्यकार भिम रानाभाटले रेडियोको सम्मानले थप जिम्मेवारी वहन गराएको बताए । समाजसेवी देउ बहादुर गुरुङले पहिलो पटक सम्मानित भएकोमा खुसी व्यक्त गर्दै हातखुट्टा चल्दासम्म समाजसेवामै खर्चिने उल्लेख गरे । पुरस्कृत एवं सम्मानित व्यक्तित्व छनौटका लागि रेडियोका पूर्व अध्यक्ष नारायण कुमार श्रेष्ठको संयोजकत्वमा ३ सदस्यीय छनोट समिति गठन गरिएको थियो । समिति सदस्यहरुमा रेडियोका उपाध्यक्ष सरस्वती सिग्देल 'लक्ष्मी' र सल्लाहकार कमलमोहन घिमिरे रहेका थिए । पूर्ण स्मृति शुक्लागण्डकी एफ.एम. सम्मान तथा पुरस्कार-२०७९ बाट पत्रकारितातर्फ विश्वबन्धु भण्डारी, साहित्यतर्फ शेषमणि आचार्य र समाजसेवातर्फ भक्तबहादुर रिमाल सम्मानित भएका थिए । यसैगरी २०८० बाट पत्रकारितातर्फ विकास खनाल, साहित्यतर्फ सागर उदास र समाजसेवामा नन्दराज थापा सम्मानित भएका थिए ।

रेडियोका शेयरधनी सदस्य, शुभेच्छुकबाट स्वतस्फूर्त र केहि रकम उहाँको परिवारबाट जम्मा गरि ३ लाख रुपैयाको अक्षयकोष स्थापना गरिएको हो । सोहि रकमको ब्याजबाट प्राप्त आम्दानीले प्रत्येक वर्ष ३ विधामा क्रियाशिल व्यक्तिहरुलाई पुरस्कार प्रदान गरिदै आएको छ । रेडियोको स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गरेका पूर्णको २०७८ जेठ १२ गते हृदयघातका कारण ४८ वर्षको उमेरमा निधन भएको थियो । रेडियोका अध्यक्ष ऋषेश्वर भुवाईको अध्यक्षतामा भएको कार्यक्रममा शेयर धनी सदस्य वातावरणविद एकराज सिग्देल, उपाध्यक्ष सरस्वती सिग्देल, शेयर धनी सदस्यकोतर्फबाट रघुनाथ पौडेल, कोषाध्यक्ष टिकाराम श्रेष्ठ लगायतले थिए ।

# ऋषिङ अल्ट्रा म्याराथनमा सेनाको वर्चश्व

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ पुस

'ऋषिङ समृद्धिको आधार, कृषि, संस्कृति, पर्यटन र पूर्वाधार' नाराका साथ आयोजना गरिएको चौथो ऋषिङ अल्ट्रा म्याराथनमा नेपाली सेनाका होमलाल श्रेष्ठ पहिलो भएका छन् ।

बयालिस दशमलव दुई किलोमिटरको दूरी दुई घण्टा ५७ मिनेट ४४ सेकेण्डमा पार गरी उनी पहिलो भएका हुन् । श्रेष्ठले रु ६५ हजार नगद पुरस्कार प्राप्त गरे । यस्तै नेपाली सेनाकै राजन मेयोड्वा निर्धारित दूरी दुई घण्टा ५९ मिनेट ३६ सकेण्डमा पार गरी दोस्रो भए । उनले रु ४० हजार नगद पुरस्कार प्राप्त गरे । सेनाकै जुनेश खड्का दुई घण्टा ५९ मिनेट ५९ सेकेण्डमा दूरी पार गर्दै तेस्रो भए । उनले रु २५ हजार पुरस्कार पाए ।

यसैगरी, प्रतियोगितामा नवलपुरका रिखुलाल सिञ्जाली मगर, सोलुखुम्बुका अर्जुन कुलङ राई, सोलुखुम्बुकै मिलन राई र स्याङ्जाका हरि सिञ्जाली मगरले सान्त्वना पुरस्कार प्राप्त गरे । उनीहरुले जनही रु १० हजार पुरस्कार पाएको ऋषिङ गाउँपालिकाका सूचना अधिकारी सौगात तिमिल्सिनाले जानकारी दिए । प्रतियोगितामा नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरीलगायतका गरी ५० धावकले सहभागिता जनाएका थिए ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ ठूली मजुवा तुलसी मार्ग बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्होरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः ठूली मजुवा तुलसी मार्ग बाटो निर्माण
ठेगानाः पोखरा-१५
योजना शुरु हुने मितिः २०८१/०७/२५ गते
योजना सम्पन्न हुने मितिः २०८१/१०/२५ गते
योजना सम्पन्न भएको मितिः २०८१/०९/१५ गते
योजनाको कुल लागतः रु. ५,८८,२६४।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ८८,२६४।-
अपुग रकमः रु ७३४८.६५
अध्यक्षः लोकनाथ पुडासैनी सम्पर्क नं.ः ९८४६०३७८७१
निर्माण समिति सदस्य संख्याः ११
महिलाः ४, पुरुषः ७

**ठूली मजुवा तुलसी मार्ग बाटो निर्माण समिति**
**पोखरा-१५**


# आठ करोडको लगानीमा पर्वतमा चुत्रो प्रशोधन उद्योग सञ्चालन

**पोखरापत्र संवाददाता**
पर्वत, २८ पुस



चुत्रो प्रशोधन गरी आयुर्वेदिकऔषधि बनाउन यहाँ चुत्रो प्रशोधन उद्योग सञ्चालनमा ल्याइएको छ ।

चिनियाँ लगानीकर्ताको झण्डै रु आठ करोडको लगानीमा कुश्मा नगरपालिका-५ स्थित जलकेनीमा रहेको कालीगण्डकी नदी किनारमा 'एसडिएसडी' उद्योग सञ्चालन गरिएको हो । दैनिक २० टन जडीबुटी प्रशोधन क्षमता रहेको प्रशोधन केन्द्र गत सातादेखि सञ्चालनमा आएको छ । चीनको छिफु बायोटेक्नोलोजी प्रालिले चुत्रो प्रशोधन केन्द्र स्थापना गरेको कम्पनीका प्रतिनिधि दीपेन्द्रबहादुर भण्डारीले जानकारी दिनुभयो । पर्वतलगायत आसपासका जिल्लामा प्रशस्त मात्रामा पाइने गैरकाष्ठ वन पैदावारअन्तर्गत पर्ने चुत्रो सङ्कलन गरेर यहाँ प्रशोधन गरिने भएको छ । चुत्रो पर्वत, म्याग्दी, बागलुङ, कास्की, लमजुङ, स्याङ्जालगायत जिल्लामा प्रशस्त पाइन्छ । चुत्रोको जरा, हाँगा र डाँठलाई प्रशोधन गरी आयुर्वेदिक औषधिको कच्चा पदार्थ तयार गरिने भएको हो । यहाँ उत्पादित धुलो चीन पठाएर औषधिजन्य पदार्थमा मिश्रण गरी 'पेनकिलर', 'सुगर' रोग लगायतका औषधि बनाइने बताइएको छ ।

चुत्रोको कच्चा पदार्थलाई खनेको र काटेको एक हप्ताभित्र नसुक्दै हरियो अवस्थामै उद्योगसम्म ल्याउनुपर्दछ । यसका लागि कम्पनीले प्रतिकिलो रु २० का दरले मूल्य निर्धारण गरी किसानसँग चुत्रोको कच्चा पदार्थ र प्रतिकेजी रु आठका दरले गुर्जो गानो खरिद गर्ने जनाएको छ । प्रशोधन गरिने चुत्रोको माटोभन्दा माथि हुने काठको गोलाई साढे दुई इन्चभन्दा माथि जति पनि ल्याउन सकिने उद्योगले जनाएको छ । छिफु कम्पनीका व्यवस्थापक तथा सूचना अधिकारी हरिकुमार श्रेष्ठका अनुसार प्रशोधन केन्द्रले यही औषधि तयार गर्ने नभई कच्चा पदार्थमात्र तयार गर्ने भएको हो । यहाँ कामै नलाग्ने काँडे झाडीका रूपमा लिइएको पदार्थलाई बिक्री गरेर किसानले समेत प्रशस्त आम्दानी गर्ने श्रेष्ठले बताउनुभयो ।

उद्योगसम्म ल्याएको जरा र डाँठलाई नुन, पानी र 'सल्फिड एसिड'मा कच्चा पदार्थमा केही दिन मिश्रण गराए भिजाएर, निकालेर र सुकाएपछि धूलो बनाएर प्याक गरी निकासी गरिन्छ । सुरुमा प्रशोधन केन्द्र सञ्चालनका लागि उद्योग विभागबाट स्वीकृत भएका ३० जना कामदार भर्ति गरिने भएको छ । कम्पनीले पहिलोपटक एक हजार दुई सय सय केजी चुत्रोको कच्चा पदार्थ प्रशोधन गरी परीक्षण गरिसकेको जानकारी दिएको छ । सूचना अधिकारी श्रेष्ठले पर्वतमा सञ्चालनमा आएको यो खालको प्रशोधन कम्पनी सम्भवत नेपालमै पहिलो भएको हो । डिभिजन वन कार्यालयका सहायक वन अधिकृत रामबहादुर विकले गैरकाष्ठ वनपैदावरअन्तर्गत पर्ने चुत्रो वनस्पतिलाई व्यक्ति र सामुदायिक वन समूहले बिक्री गरेर आम्दानी गर्न सकेमा धेरै राम्रो हुने बताउनुभयो । पर्वतमा चुत्रो समुद्री सतहबाट एक हजार मिटर उचाइदेखि तीन हजार मिटर उचाइसम्म पाइने गरेको उहाँको भनाइ छ । बाँझो बन्दै गएका व्यक्तिगत खरबारी, पाखो यत्रतत्र पाइने चुत्रो जातको वनस्पति सामुदायिक वनमा त्यत्तिकै खेर गइरहेको अवस्थामा उद्योग सञ्चालन भएपछि किसान तथा सामुदायिक वनले समेत लाभ लिन सक्ने उहाँको भनाइ छ ।

नेपालमा अहिलेसम्म चुत्रोबारे उल्लेख नभएको हुँदा खरिद बिक्रीका लागि पुर्जी जारी गर्नसमेत नपर्ने उहाँले बताउनुभयो । नेपालमा चुत्रो वनस्पतिबारे जिल्लामा आधिकारिक अध्ययन, अनुसन्धान र खोजी हुन नसकेको उहाँको भनाइ छ ।

जिल्लामै चुत्रो प्रशोधन उद्योग सञ्चालनमा आएपछि ग्रामीण क्षेत्रका नागरिक बाँझो रहेका खेतबारी र पाखो तथा जङ्गल आसपासमा चुत्रको व्यावसायिक खेती गर्ने योजना बनाउन थालेका छन् ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म : २०२१/१२/१८ गते

स्वर्गारोहण : २०८१/०९/१८ गते

स्व. सरस्वती ताम्राकार

यस ज्ञानमार्ग स्वतन्त्र महिला समूहकी पूर्व अध्यक्ष **सरस्वती ताम्राकार** को ६० वर्षको उमेरमा असामयीक निधन भएकोमा हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै आज १२ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**लक्ष्मी ताम्राकार**
**अध्यक्ष तथा**
**ज्ञानमार्ग स्वतन्त्र महिला समूह परिवार**
**नदीपुर-३, पोखरा**